# प्रदेश सभा

## गण्डकी प्रदेश
## चौथो अधिवेशन
## (पहिलो बैठक)
## कार्यवाहीको सम्पूर्ण विवरण

**मिति : २०७६/०२/१५ गते, अपरान्ह १:०० बजे ।**

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर ५९ मिनेटमा प्रारम्भ भयो।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

यस प्रदेश सभाको चौथो अधिवेशनको पहिलो बैठकमा उपस्थित सबै माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु । अब लोकतन्त्र प्राप्तिका लागि जिवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरौं ।

**(मौन धारण गरिएको)**

धन्यवाद ।

माननीय सदस्यहरु, माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन आह्वान सम्बन्धी प्राप्त पत्र पढेर सुनाउँछु ।

मिति २०७६/०२/०६ गते

**विषय : प्रदेश सभाको अधिवेशन आह्वान गरिएको ।**

श्री माननीय सभामूख ज्यू,

प्रदेश सभा, गण्डकी प्रदेश, पोखरा ।

प्रदेश सरकार गण्डकी प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम प्रदेश सभाको अधिवेशन वि.सं २०७६ साल जेठ १५ गते बुधवार दिनको १ बजे आह्वान गरेको छु ।

बाबुराम कुँवर

प्रदेश प्रमुख

अब यस सभाको चौथो अधिवेशनको  प्रथम बैठकको अवसरमा माननीय सदस्यहलाई आफ्ना भनाईहरु राख्न समय दिन्छु ।

अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई बोल्ने समय दिन्छु ।

## आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमान

माननीय सभामुख महोदय, आज हामी नेपालमा गणतन्त्रको स्थापना भएको ११ वर्ष पुरा गरेर १२ औं वर्षमा प्रवेश गरिरहेको दिन अर्थात् गणतन्त्र दिवसको यो अवसरमा हाम्रो गण्डकी प्रदेश सभाको चौथो अधिवेशनको प्रारम्भ गरि राखेका छौं । यस अवसरमा यो गणतन्त्र प्राप्तिको आन्दोलनमा राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय र परिवर्तनको खातिर आफुलाई बलिदान गर्नुहुने ति महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यसैगरी वेपत्ता योद्धाहरु, घाइते, अपाङ्ग योद्धाहरु र यो उपलब्धिका खातिर उपलब्धि प्राप्तीको आन्दोलनमा आफ्नो रगत, आफ्नो पसिना बगाउनुहुने यी तमाम नेपाली दाजु भाई दिदि बहिनीहरुको हार्दिक सम्मान गर्न चाहन्छु र यो गणतन्त्र दिवसको अवसरमा सम्पूर्ण गण्डकी प्रदेश निवासी आम जनसमूदाय लगाएत सम्पूर्ण नेपालीमा गणतन्त्र दिवसको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

हामीले संघीय लोकतान्त्रिक गणतन्त्र जस्तो एउटा उन्नत प्रणालीको स्थापना गरेर नेपाली जन समूदायले देख्दै आएको, सजाउँदै आएको सपनालाई साकार पारेर त्यसलाई संस्थागत रुप

दिन पनि हामी सफल भइसकेका छौं कि संघीय लोकतान्त्रिक गणतन्त्रलाई हामीले संविधानमा उल्लेख गर्न सफल भएका छौं र त्यसको यो संविधानको कार्यन्वयन गर्ने प्रकृयामा हामी अगाडी बढी रहेका छौं संविधानको कार्यान्वयन गर्ने प्रकृयामा हामी त्यसलाई त्यसको निर्देशन अनुसार अर्थात संविधान कार्यान्वयन गर्नको निम्ती कानूनी संरचना, सांगठनिक संरचना लगाएतका संरचनाहरु निर्माण गर्न पनि हामी पहिलो वर्षमा आधारभूत रुपमा हामी सफल भै सकेका छौं र यसलाई हामीले व्यवहारिक र वास्तवीक रुपमा यसको व्यवस्थापन गर्नको निम्ति संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थापन गर्ने क्रममा हाम्रा योजनाहरुलाई कार्यान्वयन गर्नको निम्ति आधार प्रशस्त गर्ने क्रममा हामीले जग त्यसको जग निर्माण गर्न यो पहिलो वर्ष सफल भएका छौं र त्यसरी नै गत वर्ष हामीले पहीलो बजेट ल्याईरहदा हामीसँग कुनै आधार थिएनन् हाम्रो सोच, हाम्रो क्षमता, हाम्रो योग्यता जे थियो त्यो आधारमा टेकेर मात्रै हामीले मात्रै हामीले त्यो बजेट ल्याएका थियौं, हाम्रा योजनाहरु पस्केका थियौं र यति बेला हामीसँग प्रसस्त आधारहरु भएकाछन् । हामीले हाम्रो प्रदेशमा नीति योजना आयोग निर्माण गर्यौ ।

त्यस सँगसँगै आवधिक मध्यकालिन खर्च संरचनाको निर्माण पनि गर्यौ र अब हामीले आवधिक योजना निर्माण गर्नको निम्ति एउटा प्रकृया सुरुवात गर्न सकेका छौं र अब आउने बजेट, अब हामिलेल्याउने बजेट यो वर्ष पस्कने बजेट अर्थात २०७६/७७को बजेट एउटा मजभुत आधारमा टेकेर ल्याइएको बजेट हुनेछ । हामीले नेपाली जनातले सोचेको त्यो सुखी नेपाली संमृद्ध नेपाल त्यसरीनै हामी गण्डकी प्रदेश सरकारले सोचेको सुखि नेपाली र समृद्ध गण्डकी
प्रदेशलाई बास्तविक रुपमा सफल पार्नको निम्ति अर्थात बास्तबिक रुपमा उतार्नको निम्ति हामी यस पल्टको बजेट साँच्चै यो एउटा माइलस्टोनको रुपमा आगामी बजेट स्थापित हुनेछ भन्ने विश्वास प्रकट गर्न सक्छौं हामीले किनभने मैले अघि चर्चा गरे की हामीले धेरै जतिपनि आधारहरु बनाएका छौं । यो आधारमा टेकेर हामी त्यो गर्वका साथ भन्न सक्छौं कि आगामी हाम्रा योजना, आगामी बजेट साँच्चै परिवर्तनको आकांक्षालाई सम्बोधन गर्ने गरी सुखी नेपाली र संमृद्ध नेपाल निर्माण गर्ने एउटा हाम्रो अपेक्षालाई पुरा गर्ने गरी आउने छ । यसमा हामी

विश्वस्त हुन सकिन्छ र सँगै हामीले यो तीन वटा अधिवेशन सम्पन्न गऱ्यौं र यो तीन वटा अधिवेशन सम्पन्न गर्ने क्रममा हाम्रो गण्डकी प्रदेश सभाको सत्तापक्ष प्रतिपक्षको विचमा अत्यन्त सौहार्दतापूर्वक छलफल गर्दै हामी अगाडी बढ्यौं । मलाई त अब के भन्न मन लाग्यो भने यो गण्डकी प्रदेशसभामा हामी जो सत्तापक्ष र प्रतिपक्षको रुपमा उपस्थित छौं । अलि हामी चैं हुन त आफैले आफैलाई भन्न त नहुने हो तापनि बास्तविकता त उजागर हुन्छ नै कि हामी अलि बढी नै बैचारिक राजनैतिक रहेछौं हामीले पाएको प्रतिपक्ष पनि त्यो बैचारिक राजनितिक स्तर माथिल्लो नै रहेछ, त्यसैले यो सहकार्य बन्न सम्भव भएको हो र यसैमा आधारित भएर हामीले हाम्रा जो योजनाहरु निर्माण गर्छौं, जो लक्ष्यहरु निर्धारण गर्छौं, त्यो सहजै प्राप्त हुनेछ भन्ने एउटा विश्वास सँगसँगै पैदा हुने अर्थात् त्यो बातावरण बनिराखेको महसुस भै राखेको छ र कतिपय बेलामा त मलाई लाग्छ यो तेस्रो अधिवेशनमा त त्यति धेरै महसुसै भएन । एउटै पक्ष हो कि ? हामीसँगै काम गरीराखेका छौं कि भन्ने महसुस भयो त्यो भन्दा अगाडी पनि केही अब इङ्गित गर्नेठाउँहरु रहे अघिल्लो अधिवेशनमा तर यो अघिल्लो अधिवेशन त्यस्तो रहयो र आगामी अधिवेशनमा साँच्चै हाम्रो सहकार्य समन्वय अझ व्यापक र विस्तृत हुनेछ भन्ने एउटा विश्वास पनि म प्रकट गर्न चाहन्छु र हामी सबै नेपाली जनताले जुन योगदान गरे संघीय लोकतान्त्रिक गणतन्त्रको प्राप्तिको खातिर अर्थात् आफ्नो आत्मसम्मान प्राप्तिको खातिर, आत्मगौरव प्राप्तिको खातिर जुन योगदान गरे त्यो योगदान प्रति हामी सबै उहाँहरुको योगदानलाई हामी नमन गर्न चाहान्छौं र उहाँहरुले जुन अपेक्षा गर्नु भएको छ त्यो अपेक्षा प्रति जनताको अपेक्षा पूरा गर्नको निम्ति हामी सबै कटिबद्ध छौं र यो संघीय लोकतान्त्रिक गणतन्त्र मैले विहान पनि भने यो चरण चरण भएर प्राप्त भएको उपलब्धी हो र यो उपलब्धी जोगाउनको निम्ति र यो उपलब्धिको संरक्षण गर्नको निम्ति हामीले कुनै पनि मानेमा पछाडी सर्न सक्दैनौं र प्रतिबद्ध भएर निष्ठापूर्वक अगाडी बढेर यो उपलब्धीलाई जोगाउनु पर्छ यहाँ पछाडी फर्किने ठाउँ नै छैन कसैलाई यसको बारेमा पछाडी हट्ने छुटै छैन यस कारण यो संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत त हामीले गरी नै सक्यौं यसलाई व्यवहारिक रुपमा बास्तबिकतामा बदलेर अगाडी बढ्नको निम्ति हामी सबै प्रतिबद्ध बनौं । यसबाट हामीसँग अगाडी बढ्ने बाटो मात्रै छ पछाडी हट्नु भनेको यो उल्टो

दिशा पक्डनु हुन्छ त्यो अर्थात् प्रतिगमन तिर फर्किन पुग्छ । हुन त हामी के देख्ने गर्छौं एउटा इतिहासले पनि इतिहासको अनुभवले पनि के पुष्टी गरेको छ भन्दाखेरी यो उन्नति र अवनति अर्थात् अगाडी बढ्ने र पछाडी हट्ने कुरामा रौं बराबर मात्रै ठाउँ हुँदो रहेछ । रौं बराबरको फरक मात्रै हुँदो रहेछ । त्यो रौं बराबरले त्यो अगाडी बढीराखेको हुँदोरहेछ र त्यो रौं बराबरले नै पछाडी परिराखेको हुँदो रहेछ ।

अन्ततः रौं बराबरै त हुँदो रहेछ नियालेर हेर्दा तर यस्ता कुराहरुमा हामीले गम्भिरतापूर्वक विचार पुऱ्याएर हामी कुनै पनि अर्थमा पछाडी पर्न हुँदैन । जनताको विचमा हामीले जाहेर गरेका प्रतिवद्धताहरु पुरा गर्नको निम्ति पछाडी हट्ने ठाउँनै हुन सक्दैन । हामी निरन्तर अगाडी बढेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई वास्तविक र व्यवहारिक रुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गरेर त्यसको निम्ति पहल कदमी लिएर मात्रै सम्भव छ र म अन्त्यमा, यो आज हामी यो चौथो अधिवेशनको शुरुको दिन यो चौथो अधिवेशन सफल पार्नको निम्ति एउटा उत्साहका साथ हामी यहाँसुरुवातको दिन यहाँ जुटि राखेका छौं । हाम्रो गण्डकी प्रदेश सरकारले शुरुका वर्षमा अथवा सरकार गठन भएकै वर्षमा जे जति प्रतिवद्धताहरु जायर गरेको थियो त्योप्रतिवद्धता प्रति गण्डकी प्रदेश सरकार प्रतिवद्ध छ र निरन्तर निष्ठापूर्वक अगाडी बढी राखेको छ र बढि रहने विश्वास दिलाउन चाहन्छु र हामी अब नयाँ योजनाहरु पस्कने क्रममा अझ उँचाई छुनको निम्ति नयाँ योजनाहरु नयाँ बजेट ल्याउने क्रममा छौं र सँगसँगै त्यतिमात्रै होइन यो बजेट अधिवेश त हुँदै हो सँगसँगै यसलाई हामी यो अधिवेशनमा धेरै नै लोकसेवा आयोग लागएतका थुप्रै विधेयकहरु पनि हामी पस्कने क्रममा छौं र यो स्थिति के छ भने यो बजेट अधिवेशन त हुँदै हो संगसँगै यो विधेयक अधिवेशनको रुपमा पनि सफल भएर जानेछ । यही शुभकामना प्रकट गर्दै र चौथो अधिवेशन भव्यतापूर्वक सफल हुनेछ भन्ने विश्वास प्रकट गर्दै हाम्रो पार्टी, नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)को संसदीय दलको तर्फबाट यहाँहरु सबैलाई हार्दिक शुभकामना प्रकट गर्दै विदा हुन्छु । धन्यवाद, नमस्कार ।

## माननीय सभामुख

अब म माननीय प्रमुख प्रतिपक्ष दलका नेता श्री कृष्णचन्द्र नेपालीलाई बोल्न समय दिन्छु ।

## माननीय प्रमुख प्रतिपक्ष दलका नेता श्री कृष्ण चन्द्र नेपाली

माननीय सभामुख महोदय, नेपाल राष्ट्रको इतिहासमा जन निर्वाचित प्रतिनिधिहरुको सभा संविधान सभाबाट जारी भएको नेपालको संविधान, २०७२ कार्यान्वयनको चरणमा गण्डकी प्रदेशका हामी जन-प्रतिनिधिहरु यस अन्नपूर्ण माछापुच्छ्रेको फेदिमा रहेको सुन्दर पर्यटकीय नगरी गण्डकी प्रदेशको राजधानी पोखरामा यसप्रदेशको विकाश र संमृद्धिको लागि आगामी वर्ष २०७६/७७ को बजेटको विषयमा छलफल गर्न बोलाईएको यो बजेट अधिवेशनमा उपस्थित भएका छौं । यस सम्मानित प्रदेश सभामा हाम्रो पार्टी नेपाली कांग्रेसको संसदीय दलको नेताको हैसियतमा बोल्ने समय उपलब्ध गराउनु भएकोमा दलको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु सम्माननीय सभामुख महोदय, आज गणतन्त्र दिवस पनि भएकोले म यस अवसरमा आफ्ना भनाइहरु राख्नु भन्दा पहिला लोकतान्त्रीक समाजबादको आर्दश मूल्य र मान्यता प्रति समर्पित नेपालको लोकतान्त्रीक आन्दोलनका अग्रणी महान नेता वि.पी. कोइराला देखि सुवर्ण समेसर सम्म गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई, गीरीजा प्रसाद कोइराला शुसिल कोइराला सम्म परिवर्तनकारी यसै महायज्ञमा बाम आन्दोलन मार्फत हुम्मीएका अग्रणी पुष्पलाल श्रेष्ठ, देखि मनमोहन अधिकारी, मदन भण्डारीसम्म मात्र होइन सहिद लखन थापा देखि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ भएको ६२/६३ ऐतिहासिक जनआन्दोलन संयुक्त तथा मधेस आन्दोलन सम्म लोकतन्त्रको बर्दिमा आफूलाई होम्ने हज्जारौं सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै घाइते, अपाङ्ग प्रति सम्मान व्यक्त गर्न चाहन्छु माननीय सभामूख महोदय, २०४६ को ऐतिहासिक परिवर्तन पछि गठित गिरीजाप्रसाद कोइराला नेतृत्वको नेपाली काँग्रेसको एक सरकारको सुरुको ३ वर्ष नेपालको इतिहासमा स्मरणयोग्य अवधिको रुपमा लिइन्छ यसै अवधिमा नेपालबन्द व्यवस्थाबाट खुला व्यवस्थामा

प्रवेश गर्यो ।

निजी क्षेत्र देश विकासका अभियानमा उत्साहका साथ अगाडी आयो खुल्ला अर्थनीतिका कारण विदेशी लगानी अत्याधिक मात्रामा भित्रिन थाल्यो । सडक, शिक्षा, स्वास्थ्य हवाई यातायात तथा सुचना सञ्चारका क्षेत्रमा ठुलो परिवर्तन भयो । खुला नीतिका कारण उदारतापूर्वक नेपाली नागरिकहरुले सरलतापूर्वक राहदानी पाउन थाले जसको फलस्वरुप विश्वको विभिन्न मुलुकमा हाम्रा युवाहरु पुगेर खर्बौ रेमिट्यान्स भित्राउन थाले । त्यसैको परिणाम १० वर्षे जनयुद्धको समयमा पनि मुलकले अर्थतन्त्र धराशाही हुन पाएन तर इतिहासको यो सुनौलो अवसर धेरै टिक्न सकेन मुलुक मध्यावधि निर्वाचनमा गयो त्यसै समयदेखि अस्थिरताको भुमरीमा पऱ्यो, हत्या हिंसाबाट आक्रान्त भयो । यसै अवस्थाको फाईदा उठाउँदै सक्रिय राजतन्त्र लाद्ने कोसीस पनि भयो तर स्व. गिरीजा प्रसाद कोइराला जस्तो राजनेताले परिस्थितिको सही मूल्याङ्कन गरेर जनयुद्ध संचालन गर्दै आएका तत्कालीन माओवादीलाई ऐतिहासिक १२ बुँदे समझदारी मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको लागि ऐतिहासिक संयुक्त जनआन्दोलन अगाडी बढाउनु भयो भने वृहत शान्ति सम्झौता मार्फत मुलुकले निकास पायो पहिलो संविधान सभाको निर्माण भयो त्यो संविधान सभाले संविधान दिन सकेन र दोस्रो संविधान सभाले स्व. सुशिल कोइरालाको नेतृत्वमा नेपाली जनताहरुको हातमा नेपालको संविधान, २०७२ दिन सफल भयो। माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ जनताको हातमा त आयो तर यसको कार्यान्वयन हुने कुरामा आम नेपालीहरुमा रहेको शंका उपशंकाका विच वर्तमान सम्माननीय प्रधानमन्त्री के.पी.ओलिज्यू कै नेतृत्वको तत्कालीन ९ महिने सरकारले निर्वाचन गराउन नसकेपछि नेपाली काँग्रेस र तत्कालीन माओवादी केन्द्र गठवन्धनको पुष्प कमल दाहाल नेतृत्वको सरकारले निर्वाचन सुरु गऱ्यो त्यसपछि नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वको सरकारले निष्पक्ष निर्वाचन सम्पन्न गरेर ऐतिहासिक दायित्व पुरा गरेको यथार्थता पनि सम्माननीय सभामुख प्रति म राख्न चाहन्छु ।

माननीय सभामुख ज्यू, नेपाली जनताले विगतको राजनितिक अस्थीरताबाट उत्पन्न विकृति र विसंगतिलाई मध्येनजर गर्दै सुखी र संमृद्धी नेपाल निर्माण गर्ने दायित्व ने.क.पा.लाई दियो । इतिहासकै शक्तिशाली दुई तिहाई बहुमतको शक्तिशाली सरकारबाट नेपाली जनताले

संमृद्धिको आशा अपेक्षा राख्नु स्वभाविक थियो । त्यसमा पनि निर्वाचनको समयमा ने.क.पा.ले बाँटेका सपनाहरुले त आकांक्षाहरुलाई अझ बढाउनु स्वभाविक नै थियो तर यो १ वर्षमा २ तिहाई बहुमतको सरकारले जनतालाई के दियो ? आज सर्वत्र यो प्रश्न उठीरहेको छ । एक वर्षमा ठूला ठूला कुराहरु पुरा हुन सक्दैनन् सबैले बुझ्ने कुरै हो तर शान्ति, सुरक्षा, भ्रष्टाचार उन्मुलन, सुशासन, महंगी नियन्त्रण जस्ता जनसरोकारका कुराहरु समेत यो सरकारले गर्न सकेन । विगत एक वर्ष नेपालको इतिहासमा काण्डै काण्डको वर्षको रुपमा नेपाली जनताले पाएका छन् । निर्मला हत्याकाण्डको अनुसन्धानका नाममा सडकमा नाटकमञ्चन हुनु हत्या, हिंसा, बलत्कारका घटना प्रत्येक दिन नेपाली जनताले सुन्न बाध्य हुनु सत्तापक्षकै नेता संलग्न बालुवाटार जग्गा दर्ता काण्ड, वाइडवडी काण्ड, बुढी गण्डकी गेजुवा कम्पनी काण्ड, अरबौंको एनसेल काण्ड, मेलम्ची खानेपानी काण्ड जस्ता काण्डलाई नेपाली जनताले दुई तिहाई बहुमतको सरकारको कोसेलीको रुपमा पाएका छन् ।

माननीय सभामुख महोदय, यस्ता राष्ट्रघात काण्डलाई जनताको बिचमा ल्याउने पत्रकारलाई नियन्त्रण गर्न खोज्ने उद्देश्यबाट केन्द्रीय सरकारले ल्याएको मिडिया काउन्सिल, राष्ट्रिय मानवअधिकार र शिक्षा विधेयक जस्ता विधेयकहरु केन्द्रीय सरकारको अधिनायकवादी शैलिको उदाहरण बनेको छ । सञ्चारलाई नियन्त्रण गर्ने सरकारको नीतिको विरुद्ध सिङ्गो पत्रकार महासंघ आन्दोलनमा उत्रियको छ । यो आन्दोलन प्रति हाम्रो दलको एकवद्धता रहेको छ। यसै सन्दर्भमा हालसालै सम्माननीय प्रधानमन्त्रीज्यूको भीयतनाम र कम्बोडिया भ्रमणमा ३८ किलो सुन काण्डका नाइके दिपक मल्होत्रा प्रतिनिधी मण्डलका सदस्यका रुपमा देखिनु मात्र होइन, CNN जस्तो अन्तर्राष्ट्रिय सञ्चार साधनले नेपालमा भष्ट्राचारीहरुले सरकार चलाएको देश हो भनेर सार्वजनिक रुपमा आउनु र सरकारले त्यसको कडा प्रतिकार नगर्नुले स्वाभिमानी नेपालीको शिर निउरीएको मात्र छैन प्रधानमन्त्रीज्यूको शुन्य सहनसिलतालाई यी घटनाक्रमहरुले व्यङ्ग गरी रहेको छ ।

माननीय सभामुख महोदय,संघीयताको कार्यान्वयन संदर्भमा प्रदेश सरकारको सक्रियता सक्षमताको अहम भूमिका हुने कुराको दुई मत छैन । वास्तवमा नेपाली

जनताले संघीयतालाई देख्ने, बुझ्ने, अनुभूति गर्ने भनेकै प्रदेश सरकार हो । हिजोको एकात्मक व्यवस्थामा पनि सिंहदरबार र स्थानीय निकाय जनताले अनुभूति गरेकै हो । अहिले स्थानीय निकायको ठाउँमा स्थानीय सरकार भएको छ । अहिलेप्रदेश सरकार नितान्त नयाँ र संघीयताको प्रतिविम्ब झल्काउने सरकार भएकोले प्रदेश सरकारलाई उदारतापूर्वक सहयोग गर्नु केन्द्रीय सरकारको दायित्व हुन आउँछ । तर आजसम्म कर्मचारी समायोजन गर्न नसक्नु धेरै स्थानीय तहमा कर्मचारी विहीन हुनु प्रदेश सरकारलाई कर्मचारी भर्ना गर्न नदिनु, CDO लाई केन्द्र मातहत राख्नु, प्रदेश प्रहरी भर्ना गर्न नदिनु, कानून निमार्णमा नियन्त्रण गर्नु आदि क्रियाकलापबाट केन्द्रीय सरकार संघीयताको मर्म विपरीत हिडेको र संघीयतालाई आत्मसाथ गर्न नसकेको प्रष्ट देखिन्छ । यस सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूले धादिङ्गको सार्वजनिक कार्यक्रममा प्रदेशहरु किन छट्पटाएका हुन ? प्रदेश सरकार भनेको केन्द्रीय सरकारको इकाई हो भनेर दिइएको अभिव्यक्तीबाट प्रष्ट हुन्छ कि प्रधानमन्त्रीज्यूको यो अभिव्यक्ति संघीयता विरुद्ध मात्र होइन संविधानकै विरुद्ध रहेको कुरा सम्माननीय सदन समक्ष राख्न चाहन्छु, माननीय सभामुख महोदय हत्या, हिंसा, आतकं र लामो समयको राजनैतिक अस्थिरताबाट मुलुकले पार पाई समग्र राष्ट्र आर्थिक समृद्धिको अभियानमा अगाडी बढीरहेको समयमा माओवादी विप्लप समुह भूमिगत भई हिंसात्मक गतिविधि सञ्चालन गरी रहेको अवस्थामा सत्तापक्षले निषेधको राजनीति नगरी उनीहरुसँग सम्मानपूर्वक ढंगले वार्ता गरोस् भूमिगत विप्लप समूहले पनि हिंसाको राजनीति छोडी वार्तामा आएर समस्याको समाधान गरी संघीय लोकतान्त्रिक गणतन्त्र मार्फत नेपाललाई संमृद्ध बनाउने राष्ट्रिय अभियानमा साथै अगाडी बढौं भन्ने कुरा गण्डकी प्रदेश, नेपाली काँग्रेस संसदीय दलको तर्फबाट अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, विगतको नीति तथा कार्यक्रममा प्राथमिक तहमा तोकिएको कोरला, पोखरा, डेढगाउँ, दुम्किवास द्रुतमार्ग थालनी त परै जाओस् दुम्किवास त्रिवेणीको ट्र्याक खोल्न पनि बाँकी ९ किलोमिटरमा पनि ट्र्याक खोल्न नसकेको अवस्था छ । ५० हजारलाई रोजगार १ लाख लाई स्वरोजगार भन्ने मिठो नारा पनि नारामै सिमित रह्यो ।

बहुप्रचारित होमस्टे कार्यक्रम न्यून मात्रामा लगानी गरी त्यो पनि झन्झटिलो कार्यविधिका कारण आकर्षण दिन सकेन । विपन्नको लाईनै वर्गलाईनै आवश्यक सपोर्ट गरेर होमस्टे सञ्चालन गरेर वातावरण बनाउनुको बजाय घर कोठा ट्वाईलेट समेतका पूर्वाधार पुरा गरेकालाई मात्र सडक सामुदायिक भवन आदिमा खर्च गर्नु भनि अनुदान दिईयो जुन गत वर्षको निति तथा कार्यक्रमसँग मेल खाएको देखिदैन । माननीय सभामुख महोदय, गत वर्ष बजेट बिनियोजन नगरेका मन्त्रालयहरुले जसलाई हामीले पोके बजेट भन्यौं विनीयोजनको सन्दर्भमा हामीले सदनमा प्रश्न उठाएका थियौं ।

सम्मानित सदनमा नै मन्त्रीज्यूहरुले कार्यविधी बनाउदाँ सांम्सदहरुलाई पनि सहभागी गराउने आश्वासन दिनु भएको थियो तर त्यो गरिएन त्यो वास्ता गरिएन त्यतिमात्र होइन कृषि मन्त्रालयबाट कार्यविधिलाई नै संशोधन गरेर रकम वितरण गरियो । मोडल फर्मका नाउमा कनिका छराई गरियो आस्थाका आधारमा ठूला फर्महरुलाई मोटो रकम दिइयो भने अस्तित्व नै नभएका फर्मलाई आस्थाका आधारमा रकम बाँडियो, मन्त्रालयबाट बजेट विनियोजन गर्दा विधी र प्रकृया उल्लङघन गर्दै अन्यायपूर्ण तरीकाबाट वितरण गरिएकोले यसबारे सदनलाई चित्त बुझ्दो जबाफ नदिएसम्म अन्य कुराहरु अगाडी नबढाईयोस् माननीय सभामुख महोदय, पर्यटन क्षेत्र नै गण्डकी प्रदेशको विकासको प्रमुख आधार हो । यसमा दुई मत छैन पर्यटकहरुलाई राजधानी आउने मात्र होईन हाम्रा गाउँमा उनीहरु जाने, बस्ने, रमाउने, पूर्वाधार बनाउनु पर्छ । यातायात, सञ्चार, सुविधा, शान्ति सुरक्षा, अर्गानिक खालको सामाग्री जस्ता कुराहरु पूर्वाधारको रुपमा लिइनु पर्छ त्यस तर्फ ध्यान नदिई एकाएक इन्जोए जोनको डी.पी.आर.को लागि ९ करोड विनियोजन गरिएको कुरा सार्वजनिक भएको छ। इन्जोए जोन जस्तो समाजमा प्रत्येक्ष असर पुऱ्याउने विषयमा निर्णय गर्दा सम्मानित सदनमा गम्भीर बहस हुनु पर्दथ्यो । म स्मरण गराउन चाहन्छु । कुनै कार्यक्रममा माननीय मुख्यमन्त्रीज्यूले रेड लाईट एरियाको प्रसंग उठाउदाँ यसै सदनमा प्रस्टाउन परेको थियो । प्रस्तावित इन्जोय जोन रेड लाईट एरियाको विकल्प मात्र होइन लागु पदार्थको सेवनको समेत केन्द्र हुने होइन भन्ने, हाम्रो धर्म, परम्परा, संस्कृतिमा असर पर्ने त होइन भन्ने आम चासोको

विषय बनेको छ । यो गम्भीर विषयमा सदनलाई स्पष्ट पार्न सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्दछु ।

माननीय सभामुख महोदय, गत वर्ष नीति तथा कार्यक्रम मार्फत महत्वकांक्षी बजेट ल्याईएको थियो । हामीले भनेका थियौं, महत्वकांक्षी बजेट ल्याएर मात्र हुँदैन कार्यान्वयन पनि गर्न सक्नु पर्छ, मलाई लाग्छ सभामुख महोदय अहिले सम्म २१% मात्र बजेट खर्च भएको छ । आज जनता विकास चाहन्छ । प्रदेश सरकारसँग रकम पनि छ तर किन खर्च गर्न सकिरहेको छैन । विचारणीय छ सम्पूर्ण प्रदेशसभा सदस्यहरुलाई विश्वासमा लिएर विकास निर्माणमा अगाडी बढ्नुको विकल्प छैन यसका लागि आगामी बजेटमा निर्वाचन क्षेत्र विकास कार्यक्रम लगाएत प्रदेश सभा सदस्यहरु प्रत्येक्ष रुपमा जोडीने कार्यक्रमहरुमा प्रत्यक्ष निर्वाचित र समानुपातिकबाट निर्वाचितको नाममा माननीयहरुविच भेदभाव नगरी समानताको आधारमा अगाडी बढ्न सभामुख मार्फत गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्दछु । अन्यथा, नेपाली काँग्रेस संसदीय दलले यसलाई गम्भीरतापूर्वक लिने कुरा सम्मानित सदनमा राख्न चाहन्छु ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेशको गत हिउँदे अधिवेशनमा प्रदेश सभा विधेयकको अभावमा विजनेस विहीन भएको स्मरण गराउँदै भविष्यमा सरकारका कमजोरीका कारण प्रदेश सभा विजनेस विहिन भयो भन्ने परिस्थिति आउन नदिन सभामुख मार्फत गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । माननीय सभामुख महोदय विभिन्न मन्त्रालयबाट विनियोजित रकमहरु उपभोक्ता समिति मार्फत खर्च हुनु राम्रो हो तर त्यो समिति स्थानिय तहमा सबै उपभोक्ताहरुको विचमा गठन हुनु पर्नेमा प्रदेशबाट नै गठन गरेर पठाइएको भन्ने कुराहरु जानकारीमा आएको छ । स्थानिय तहमा बैधानिक रुपमा प्रतिपक्ष दल भन्ने नभएतापनि पार्टीहरु छन् कार्यविधिमा सबैको सहभागिता हुने व्यवस्था हनु जरुरी छ अन्यथा बजेट विनीयोजन उपभोक्ता समिति गठन समेत सत्तापक्षबाट हुँदा कति पारदर्शी र सदुपयोग हुन्छ यस तर्फ सरकारको ध्यान आकर्षण गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, प्रदेश भित्र प्रदेश सरकारले कर्मचारीको पदस्थापन र सरुवा गर्दा निर्धारीत मापदण्ड भन्दा बाहिर गएर आस्थाको आधारमा कर्मचारीहरुलाई सरुवा गरिएको विभिन्न सङ्गठनलाई व्यवास्था गर्दै अपारदर्शी तरीकाबाट सत्ता पक्षका कर्मचारीहरुको कुरा सुन्दा दुख दिने काम भईरहेको छ । यस्तो गलत प्रक्रिया नदोहोरीयोस् निर्धारित मापदण्डको आधारमा पारदर्शी तरीकाले कर्मचारीहरुसँग व्यवहार गरियोस् भनि सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । माननीय सभामुख महोदय, विगतका घटनाक्रमलाई मध्येनजर राख्दै आगामी बजेट विनियोजन विधेयकमा कुनै पनि नाउँमा अबण्डा वा एकमुस्ट रकम नराखियोस् । यदि पुनः फेरी पोके बजेटको पुनरावृत्ति भएमा हाम्रो दलले यसको स-शक्त विरोध गर्ने कुरा सभामुख मार्फत प्रदेश सरकारलाई जानकारी गराउन चाहन्छु माननीय सभामुख महोदय, नेपाली काँग्रेस संसदीय दल गण्डकी प्रदेशले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने सम्बन्धमा प्रदेश सरकार सक्षम बनोस अरु प्रदेशको तुलनामा गण्डकी प्रदेश आगाडी बढोस्, भन्ने सदासताका साथ सरकारका विकास निर्माणका कदममा सहयोगी भूमिका निर्वाह गर्दै आउने सन्दर्भमा प्रदेश सभामा प्रमुख प्रतिपक्ष दल छ कि छैन भन्ने सम्मका कुराहरु सुन्न पर्‍यो हामीले चाहे कार्य व्यवस्था समितिमा होस् वा विधायन समिति लगायतका समिति सत्तापक्षबाट प्रस्तुत भएका कुराहरुलाई सकारात्मक रुपमा लिएको कारण सत्तापक्ष र प्रतिपक्ष विच भएको समझदारी भएको सन्देश गएको यथार्तता हो तर अपेक्षा अनुसार सत्तापक्ष उदार भएको पाईएन संघियताको पहिलो अभ्यास भएकोले सत्तापक्षले प्रतिपक्षलाई सिंगो प्रदेश अगाडी बढाउने सन्दर्भमा हुने महत्वपूर्ण निर्णयहरुमा प्रतिपक्षलाई समावेस गरेर औपचारिक रुपमा परामर्श नलिनु प्रतिपक्षको सदासयतालाई कमजोरी सम्झनु जस्तो व्यवहार भएको तर्फ हाम्रो दलको गम्भीरतापूर्वक लिएको कुरा सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, केन्द्रिय सरकारले गण्डकी प्रदेशको लाईफलाईन मात्र होईन विकासको आधार रहेको कालिगण्डकी नदी जसको उद्गम देखि अन्त्यसम्म गण्डकी प्रदेशमा पर्दछ । जसको किनारामा रहेका ऐतिहासिक, धार्मिक स्थानहरु गण्डकी प्रदेशको पहिचान स्वरुप छन् जुन कालिगण्डकी उपत्यका भविष्यका प्रदेशका विकसित शहरहरु हुनु निश्चित छ ।

त्यो कालिगण्डकीलाई डाइभर्शनको नाममा प्रदेश नं. ५ मा लैजाने षडयन्त्र भईरहेको अवस्थामा कुनै पनि अवस्थामा सो डाइभर्शन हुन नदिन नेपाली कांग्रेस संसदीय दल कटिबद्ध रहेको कुरा सम्मानित सदन समक्ष राख्दै सभामुख मार्फत प्रदेश सरकारलाई सजग र सतर्क हुन अनुरोध गर्दछु । सभामुख महोदय, अन्त्यमा प्रदेशवासीलाई लोकतन्त्रको आभास दिलाउने सम्पन्न र समुन्नत बनाउने पहिलो शर्त विधिको शासन हो । विधिमा आधारित सुशासन लोकतन्त्रको मुटु हो भन्ने मान्यता र विश्वास राख्ने पार्टी भएकोले शासन र पशासनिकयन्त्र सेवामुखी विधिसम्वत्, जनतामैत्री भ्रष्ट्राचारमुक्त, सुशासन सुनिश्चितता तर्फ हाम्रो दल सदैव सहयोगी रहने कुरा सम्मानित प्रदेश सभा समक्ष राख्दै हाम्रो दलको तर्फबाट धन्यवाद सहित जय नेपाल, अभिवादन गर्दै मेरा भनाईहरु यहि अन्त्य गर्छु धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय श्री कृष्ण थापा लाई बोल्ने समय दिन्छु ।

## माननीय श्री कृष्ण थापा

माननीय सभामुख महोदय, लामो समयसम्म सलामात रहेको राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना दिनलाई म सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । अहिले हाम्रो देशमा तिन प्रकारको सरकार छ जस्तो मलाई लाग्छ एउटा ने.क.पा.को सरकार जसलाई हामीले पनि समर्थन गरीरहेका छौं । अर्को एकदमप्रतिपक्ष ठुलोको छायाँ सरकार र अर्को चाँहि अघोशित प्रतिबद्ध लाएको सरकार यो तिन प्रकारको सरकार छ जस्तो मलाई लाग्छ । म त्यो सरकारको विषयमा केही बढी कुरा गर्न चाहान्न र मैले के मात्र भन्न चाहन्छु त भने अहिले पनि देशमा शान्ति सुरक्षाको प्रश्न महंगीको प्रश्न, भ्रष्टाचारको प्रश्न के न्यून बनेको छ त ? के जनतामा त्यो किसिमको एउटा सरल किसिमको वातावरण बनेको छ त ? मलाई लाग्छ यो बन्ने स्थितिहरु बनेको छैन । के कतै शान्ति सुरक्षाको प्रश्नमा पनि, भ्रष्टचारको प्रश्नमा पनि र महंगीको प्रश्नमा पनि कतै सम्झौता र मिलोमतो त हुने गरेको छैन ? यदि नगरेको भए यो न्यून हुने थियो र न्यून हुनुपर्ने थियो तर यसको सूचकाङ्क एकदम बढेर गएको छ ।

त्यसकारण, अहिलेको सरकारले विशेष गरेर ने.क.पा.को सरकारले यसलाई गम्भिरताको साथ ध्यान दिनुपर्दछ र अहिले देशमा भएको महंगि भ्रष्ट्चार र शान्ति सुरक्षाको प्रश्नलाई सरल किसिमले बनाउनु पर्छ म त्यही कुरा भनें । संघीयताबाट हामीले सबै कुराको जादु पूरा हुन्छ भनेर हामीले भनि रहेका छौं यहाँहरुले भन्नु भएको छ, हामीले भनेका छैनौं, तर संघियता भित्र एक वर्ष बिति सक्दा पनि केही काम गर्न परेर कर्मचारी छैन भनिरहने यहि प्रकारको संघीयता हो हामीले कयौं दैनिक प्रकोपका घटनाहरु हाम्रो अगाडी सृजना भएका छन् बाढी भएको छ, मान्छेको मृत्यु भएको छ, घर बगाएको छ, कुलो बगाएको छ वा सडक बगाएको छ तर हामीले त्यहाँ समस्याहरु राख्छौं अभाव छ । पैसा छैन भन्ने कुरा आउँछ । पैसा नै नभएको संघीयता हो? अर्कोतिर हामीले फेरी कतिपय आफ्ना अब देखि रहन्छौं प्रदेश सभा सञ्चालनको कुरो होला, सरकारको सञ्चालको कुरा होला कति समितिहरु सञ्चालन गर्ने कुराहरु होला ? त्यहाँ पनि अभावै छ ।

यस्तो अभावै अभावको अवस्थाहरु हामीले कहीलेसम्म एक वर्षसम्म भोग्यौं र अर्का तिर हामीले यो संघीयतामा अर्को सबैभन्दा नराम्रो र सबैभन्दा गम्भीर प्रश्न त के देखि रहेका छौं त भने प्रदेश सरकारले केन्द्र तिर फर्केर गाली गरीरहेकै छ । केन्द्रीय सरकारले तल तिर फर्केर अझै बच्चै छौं भनिरहेको छ। स्थानीय निकाय त अरु कसैले टेर्ने वाला अवस्थामै छैन त्यसले गर्दाखेरि यस्तो किसिमको यो अन्तर विरोध किसिमको अवस्थालाई हामीले कुन कुन अवस्थासम्म कायम राख्ने मलाई लाग्छ सरकारले विकासका कुराहरुमा, सुशासनका कुराहरुमा समन्वय गरेर जान किन सक्दैन, मलाई लाग्छ संघीयताको यही खतरनाक अवस्था हो । एक अर्काको अस्तित्वलाई स्वीकार गर्न नसक्ने परिस्थिति विस्तारै बढीरहेको अवस्था हामीले देखिसकेका छौं । यसले गर्दाखेरि मलाई लाग्छ यो स्थिति कहिलेसम्म रहने हो त? सुरुमा भर्खरै भनियो, अब १ वर्ष पुग्यो । भर्खरै १ वर्ष पुगेछ भनिएला र २ वर्षमा लाग्दा फेरी यही स्थिति हुन्छ कि हुन्न मलाई लाग्छ । हुदैहुँदैन यो अवस्था सृजना गर्नु हुन्न भन्ने मलाई लाग्छ र अर्कोतिर अब विकासका सन्दर्भमा हामीले विगतमा पनि भनेका छौं । अहिले पनि के कुरा भन्न चाहान्छौं भने, विकास वास्तवमा आवश्यकताका आधारमा विकास

वास्तवमा समस्याका आधारमा विनियोजित हुने आवश्यकता हुन्छ । यदि समस्याका आधारमा यदि आवश्यकताको आधारमा विकास बजेट विनियोजित भएन र दामाशाहीले बाड्ने काम गरियो भने उत्पिडित क्षेत्र, पिछडिएको क्षेत्र, र पिछडिएका जनताहरुलाई सम्बोधन गर्न सक्दैन। कतै विगतमा त्यो काम पनि अलि बढी भएको हो कि ? हामीले भनेका हौं त्यो बेला कास्कीको यो पोखरा सबैभन्दा धेरै बजेटले विनियोजित गर्‍यौं । त्यसको आपत्ति होइन तर पिछडिएको क्षेत्र, पिछडिएका ठाउँहरुलाई त्यसले सम्बोधन गर्न सकेन भने त्यो क्षेत्रले कहिल्यै संमृद्धिको अनुभव गर्न सक्छ त ? यो प्रश्न हाम्रो अगाडी नितान्तै गम्भीर बनेको छ र आगामी वर्षले त्यो कुरालाई अझ बढी सम्बोधन गर्नुपर्ने हुन्छ । यसकारण म के भन्न चाहन्छु त भने वास्तवमा पहिचान गरेर आवश्यकता बोध गरेर बजेट विनियोजन गरियोस् नकि गोजीबाट चिट लिएर, चिटबाट प्रभावित भएर बजेट विनियोजित नहोस् यही कुराको शुभकामना व्यक्त गर्दै आगामी यो अधिवेशन भव्य एवं सानदार रुपमा धेरै मैत्रीपूर्ण रुपमा सफल हुने आशा गर्दै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय श्री हरीशरण आचार्यलाई बोल्ने समय दिन्छु ।

## माननीय श्री हरीशरण आचार्य

माननीय सभामुखज्यू, हामी आज प्रदेश सभामा आई सकेपछाडी चौथो अधिवेशनको प्रारम्भमा हामी जुटी रहेका छौं । आज यस्तो दिन जुन दिन हामी धेरै ठूलो संघर्ष पश्चात् धेरै ठूलो त्याग समर्पण पश्चात् धेरैको योगदानको विचबाट प्राप्त गरेको एउटा उपलब्धि गणतन्त्र जो हामीले एउटा सत्तालाई विदा गरेर अर्को सत्ता प्राप्त गरेको दिन एउटा परम्परावादी सोचलाई भत्काएर अर्को नयाँ सोच र मानसिकतालाई विकास गरेको दिन यो गणतन्त्रको स्थापना भएको दिन आजको दिन हाम्रो लागि खुसी र गौरवको कुरा हो । यही खुसी र गौरवको दिनमा प्रदेश सरकारले यो अधिवेशन शुरु गर्ने निर्णय गर्‍यो । हामी आज यो कुरामा गर्वित छौं फेरी यो माथि आज यो गणतन्त्र दिवसको यो सर्न्दभमा सबै प्रदेशवासी सबै सबैमा म सवभन्दा अगाडी हाम्रो दलको तर्फबाट हार्दिक शुभकामना व्यक्त

गर्न चाहन्छु र विशेषगरी हामी यो गणतन्त्र प्राप्तिसँग योसम्म आईपुग्नका निमित्त नेपालीमुक्ती आन्दोलनका ति समर्पित योद्धाहरु प्रति म हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

जसले यहाँ अहिले वहस चलिराखेको छ मैले सुनिराखेको छु । नेपालमा दुई प्रकारका आन्दोलन भए । एउटा सशस्त्र आन्दोलन, अर्को शान्तिपूर्ण आन्दोलन त्यो सशस्त्र आन्दोलन र शान्तिपूर्ण आन्दोलनको फ्यूजनबाट एउटा नयाँ प्रकारको राजनैतिक व्यवस्था बन्यो । यसलाई हामीले दरो सँग स्वीकार गर्न सकेनौ भने यो नयाँ संघियता टिक्छ न यो गणतन्त्र नै टिक्छ न हाम्रो भविष्य नै बन्ने वालामा छ । त्यसै भएको कारणले यस्तै हामीले बहसको विषय नबनाईकन दरोसँग आत्मसाथ गरेर अगाडी बढ्यौं भने अवश्यपनि यो नेपालको राजनैतिक धरातल शुन्दर बन्नेछ, हाम्रो भविष्य पनि सुन्दर बन्नेछ र मलाई लाग्छ । हामी यति बेलासम्म आइपुग्दाखेरि प्रदेशका धेरै योजनाहरु हामी तल लिएर गयौं, जनताको विचमा लिएर गयौं हाम्रा इच्छा, चाहना, आकांक्षाहरु धेरै प्रकारका थिए । ति इच्छा, चाहनाहरुलाई हामीले हाम्रो मोडालिटीमा अगाडी बढाउने प्रयत्न त गर्‍यौं आज कतिपय हामीले जुन मोडालिटीमा लगीराखेका छौं त्यो मोडालिटीले हामीलाई कतिपय ठाँउमा गिज्याईरहेको छ ।

म अहिले पनि भन्छु, सरकारका हाम्रा कतिपय काम कार्यवाहीहरु कार्यशैलीहरु यी चिजहरुले अहिलेपनि जनताले खोजेको रिजल्ट जनताले खोजेको जो इच्छा छ चाहना छ त्यसलाई समेट्नलाई अझैपनि सकेको अनुभूति सायद कसैलाई पनि भएको छैन । हामी त्यसैपनि बाहिर छौं त्यो माथि अर्को भित्रै हुने साथिहरु पनि उकुस मुकुस भएर बाहिर प्याच्च भन्न पर्ने परिस्थिति सृजना भएकै छ । यो परिस्थिति सृजना नहोस् भन्नका निमित्त सरकारले विषेशगरी सत्ता पक्षका साथिहरुले यसलाई विशेष ध्यान दिनु हुँदैन आगामी दिनमा म अनुरोध गर्न चाहन्छु । दोस्रो कुरा यो संघियता केन्द्र तल धारे हात लगाएर गाली गर्ने भन्दा बाहेक अरु केही नगर्ने र आफ्नो सत्ता लाई केन्द्रीक्रित रुपमा प्रचलन हिजोको परम्परावादी सोचमा केन्द्रीत रहेर त्यसलाई प्रयोग गरिराख्न खोज्ने अनि प्रदेश सरकारले स्थानीय तह र केन्द्र सरकारको विचको समन्वयनमा आफ्नो पहुँच पुर्‍याउन नसक्ने अनि स्थानीय सरकार राजाले छोडेको केजाती जस्तो सबै म भन्दा बाहेक अरु सर्वेसर्वा कोही छैन भन्ने प्रकारको

यस्तो विधिबाट अहिलेको मुलुक चलि राखेको छ । यसलाई हामीले साच्चै सही ढंगले व्यवस्थापन गर्न सकेनौं भने संघीयताका विपक्ष साथिहरुले भने जस्तैयो संघीयता धराशाही बन्दै छ। यो कुरा सत्य हो।

हामीले यसलाई सही ढंगले अध्ययन गर्ने सही ढंगले त्यसमा जनताको विचमा पुग्ने खालको एउटा मोडालिटीको विकास गर्न सकेनौं भने हाम्रा लागि यो आफ्नै लागि आत्मघाति बन्ने कुरा निश्चत छ र मलाई लाग्छ हामी आत्मघाति रुपमा होइन हामी नयाँ प्रगतिको सतमार्ग हामीले चै छान्नेछौं र त्यो सतमार्गबाट अगाडी बढ्ने नयाँ कोषिश हामी गरौं आगामी दिन म अनुरोध गर्न चाहन्छु र तेस्रो कुरा अहिले हामी नेपालको सर्न्दभमा जसरी केन्द्रले आफ्नो एउटा पोको तल फाल्दिने अनि त्यसालाई कार्यान्वयन भएको छ, छैन मतलव त्यसको कुनै अनुगम त्यसको कुनै खोजिगर्न नपर्ने यस्तो प्रकारको परिपाटी अथवा जनशक्तिको अभावमा त्यो परिपाटी देखाउने मलाई एउटा कुरा के लाग्छ भने न त त्यो कुरा केन्द्र सरकारले अहिले आफुसँग कर्मचारी छैन भनेर त्यसलाई वेवास्ता गर्दिने कर्मचारी कम्तिमा लोकसेवा आयोग मार्फत कर्मचारी दिन सक्दैन भने तल कम्तिमा अहिले तत्काल करारको व्यवस्था गरेर चैं त्यो अनुमति किन लिन सक्दैन? त्यो अनुमति नलिकन राजनितिक भर्ति केन्द्र बनाएर जे मन लायो त्यही गर्न चै छुट दिने तर विधिमा ल्यायर त्यसको करारको एउटा सिस्टम बनाएर एउटा कर्मचारी पूर्ति गरेर अनि त्यस पछाडि संघीयताको व्यवस्थापन ठिक ढंगले गर्ने एउटा उपयुक्त वातावरण किन बनाउन सक्दैन यो कुरा हाम्रो लागि चुनौतिको कुरा बनेको छ।

त्यसैले यो चुनौती साच्चै हाम्रो प्रदेश सरकारले यो चुनौतिलाई सामना गर्न सक्छ कि सक्दैन? आगामी दिन यसको लागि सबैभन्दा बढी चुनौतिपूर्ण बनेको मैले अनुभूति गरीराखेको छु । त्यसैले किनभने यो अवस्थामा हामी एक वर्ष त व्यतित गऱ्यौं रुन्चे स्वर गाउँदै हामी चैं व्यतित गऱ्यौं । हामी जनसक्ती छैन भनेर कार्यन्वयन गर्न सकेनौ भनेर अहिले पनि कतिपय योजनाहरु टेन्डर हुँदै मतलब कार्यविधि नै बनेका छैनन् अनि यो अवस्थामा चै जुन सरकारको परिस्थिति बनि राखेको छ । यसलाई ठिक ढंगले व्यवस्थापन गर्न रुन्चे स्वरले होइन सशक्त

ढंगले आफ्नो भूमिका निर्वाह गर्ने हिसाबले आगामी दिनमा अगाडी बढोस् मेरो अनुरोध छ कि यदि त्यो हुन सकेन भने अब संघियता कसैले दुई हातले थामिदियर संघियता टिक्न सक्दैन । आज एउटा पुरानो मरिसकेको बाघ फेरी अर्को जुँगा ठाडो बनाएर उठ्न खोज्दै छ । अनि अर्को तिर  फेरी जो सर्पको हिडाईमा हिडीराखेका कतिपय शक्तिहरु फेरी भ्यागुताले झैं जम्प गर्न खोज्ने परिस्थिति सृजना हुदै छ । यो अवस्थाबाट हामीले गम्भीर ढंगले सोच्न पर्ने आवश्यकता छ । विशेषगरी सत्ता पक्षका साथिहरु जो आफुलाई दुई तिहाँईको दम्भ पनि छ घमण्ड पनि छ त्यो दम्भ र घमण्डलाई घमण्डको रुपमा होइन गौरवको रुपमा पुष्टी गरेर देखाउन म चुनौति दिन चाहन्छु । यदि त्यो गर्न सक्नु भएन भने दुई तिहाई त आज छ ठुलो छ त्यो कुप्रिन्छ अनि सानो छ त्यो बढेर ठुलो हुन्छ । यो त विज्ञानको यथार्थता हो । त्यसैले आगमी दिन हाम्रो लागि सुखद बनोस् आगामी दिन हाम्रो लागि कसैको हातमा रहेको पोका फुकाउनलाई फेरी हजुर भनेर विन्ती गर्न नपरोस् । र हामीले विन्ती पत्र विसाय जस्तो गरेर बजेटका विनियोजित योजनाहरु कसैसँग माग्न नपसोस् । यो एउटा अधिकार जनताले दिएको प्रतिनिधीको हिसाबले हामीले सम्मानपूर्वक त्यो ग्रहण गर्न पाईयोस् यही आशा र विश्वासका साथ फेरी पुनः गणतन्त्र दिवसको सर्दभमा हार्दिक शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म प्रदेश सभा नियमावली सशोधनमा मस्यौदा समितिका सभापति माननीय मायानाथ अधिकारीलाई समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्न अनुमति दिन्छु ।

## मस्यौदा समितिका सभापति माननीय मायानाथ अधिकारी

माननीय सभामुखज्यू,

मिति २०७५ साल फागुन २७ गते बसेको यससभाको ११ औं बैठकले गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम २१७ को उप नियम ३ बमोजिम देहायका माननीय सदस्य र सदस्य सचिव रहने गरी गण्डकी प्रदेश सभा नियमावली २०७४ संसोधन

मस्यौदा समिति गठन गर्न सहमति प्रदान गरेको छु । माननीय कुमार खड्का, माननीय कृष्ण थापा, माननीय कृष्ण बहादुर थापा, माननीय गायत्री गुरुङ, माननिय मणीभद्र शर्मा, माननीय मायानाथ अधिकारी, माननीय रामजी प्रसाद बराल जिवन, माननीय हरिशरण आचार्य, श्री राजेन्द्र न्यौपाने सह-सचिव । समितिको पहिलो बैठक मिति २०७५ फागुन २९ गते माननीय सभामुख श्री नेत्रनाथ अधिकारी तथा माननीय उप-सभामुख श्री सृजना शर्माको विशेष उपस्थितिमा समितिका जेष्ठ सदस्य माननीय श्री मणीभद्र शर्माको अध्यक्षतामा बसेको थियो । उक्त बैठकले सह सचिवलाई समितिको कार्यविधिको मस्यौदा तयार गर्ने जिम्मेवारी दिएको थियो । समितिको दोस्रो बैठक मिति २०७५ साल चैत्र १ गते समितिका जेष्ठ सदस्य माननीय मणीभद्र शर्माको अध्यक्षतामा बसेको थियो । उक्त बैठकले सदस्य सचिवबाट पेश भएको कार्यविधि सर्वसम्वत रुपमा पारित गरी समितिको सभापतिमा समितिका माननीय सह सचिव श्री मायानाथ अधिकारी लाई सर्वसम्मवत् चयन गरेको थियो । त्यसैगरी विभिन्न मितिमा समितिको जम्मा १४ वटा बैठक बसेको थियो भने प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यहरुलाई मिति २०७५ चैत्र २० गतेको चौथो बैठकमा आमन्त्रण गरी नियमावलीको संसोधन सम्बन्धमा राय सुझाव समेत लिएको थियो । यस प्रकार समितिको विभिन्न मितिमा बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्शलाई समेत समावेश गरी तयार भएको गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को तेस्रो सम्सोदन मस्यौदा सहित यो प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

मायानाथ अधिकारी

सभापति,

नियमावली संसोधन समिति

धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल जेठ १७ गते दिनको ४ बजे सम्मको लागि स्थगित हुन्छ ।